नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ५४ २०७८ साल असोज २ गते शनिबार (18 Sep. 2021 Saturday) मूल्य रु. ५/-

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जनादेशानुसार संशोधन ... ३ पृष्ठमा : राष्ट्रिय जनगणनामा सुडी ... ३ पृष्ठमा कोभिडका कारण ७ करोड ...

# भगवान विश्वकर्माको पुजा धुमधामका साथ मनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १ असोज ।**

कलकारखानाका संचालक, बास्तु शास्त्री, ईन्जिनियर कालिगढ, सवारीधनी, छापाखाना र मजदुरहरु आदिले भगवान विश्वकर्माको पूजा धुमधामका साथ शुक्रबार मनाएका छन् ।

यस पुजाको अवसरमा जिल्लाभर झण्डै २ सय भन्दा बढी स्थानमा भव्य सजावट र कलात्मक मुर्ती निर्माण गरी पुजापाठ गरिएको छ ।

विभिन्न कलकारखाना, मोटर ग्यारेज, फलामे उपकरण, उद्योग, यातायात मजदुर सवारीधनीका साथै माउण्टेन यातायात संघका साथै पत्रकार महासंघ सप्तरीले समेत मुर्ती राखी यस पल्ट विश्वकर्मा पुजा भव्यताका साथ मनाएका छन् । पुजास्थलहरुमा बिहानै देखि गित संगित बजाउने क्रम सुरु भएको थियो ।

आस्विन संक्रान्तिका दिन शुक्रबार जिल्लाका कलकारखाना, यातायात, मोटर ग्यारेस तथा फलाम, सडक, भवन आदि संरचना निर्माणका अधिष्ठाता देवता विश्वकर्माको पुजाआजा गरी विश्वकर्मा पुजा मनाइएको हो ।

द्वापरयुगमा भगवान श्री कृष्णलाई राक्षसहरुले दुख दिएपछि भगवान विश्वकर्माले समुन्द्रको विचमा भेदद्वारका बनाई लुकाईएको धार्मिक विश्वास छ । एकैरातमा समुन्द्रको विचमा भेदद्वारकाको निर्माण गरेकाले विश्वकर्मालाई सफल बास्तु विदका रुपमा मानि त्यसै समयदेखि पुजा आजा गर्ने परम्परा रहेको छ ।

विश्वकर्मालाई बास्तु विद्याका ज्ञाताका रुपमा समेत मानिन्छ । यही सम्झनामा नेपालमा पनि भव्य रुपमा विश्वकर्मा बाबाको पुजा गरी उहाँको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफुमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वासका साथ भक्तजनले पुजा गर्ने गरेका छन् ।

विगतमा विश्वकर्मा पुजाका राति ठाउँ ठाउँमा सांसकृतिक कार्यक्रम हुदै आएको थियो । तर यस पल्ट कोरोना त्रासका कारण त्यस्तो कार्यक्रम भने नगरिएको पुजा आयोजकहरुले बताउछन् ।

# दुर्घटनामा एकको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**धनुषा, १ असोज ।**

मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत धनुषाको मिथिला नगरपालिका-६ ढल्केवरस्थित चोकमा शुक्रबार पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको लु७२प ४७९२ नंको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको स४प ७९२६ नंको मोटरसाइकल एकापसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर स४प ७९२६ नंको मोटरसाइकल चालक सिरहाको विष्णुपुर गाउँपालिकाको नरहा बस्ने ३० वर्षीय रुपेश यादवको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ ।

दुर्घटनामा लु.७२प. ४७९२ नम्बरको मोटरसाइकल चालक धनुषाको गणेशमान चारनाथ नगरपालिका-६ बस्ने ४६ वर्षीय

***बाँकी दुई पृष्ठमा***

# कल्याणपुर नगरपालिकामा चौथो पटक तालाबन्दी


**दैनिक समाचारदाता**
**सिरहा, १ असोज ।**

सिरहाको कल्याणपुर नगरपालिकामा चौथो पटक तालाबन्दी भएको छ । स्थानीयवासीले नगरपालिकाबाट भएको कामकाज र त्यसमा भएको खर्चको हरहिसाब पटकपटक माग गर्दै आए पनि सुनुवाइ नभएपछि पुनःतालाबन्दी गरेको बताएका छन् ।

कार्यवाहक नगरप्रमुख रोहिणीकुमारी यादवलाई पटकपटक हिसाबकिताब सार्वजनिक गर्न माग गर्दै आए पनि आलटाल गरेकाले पुनःतालाबन्दी गरेको स्थानीयवासी प्रदीप साहले जानकारी दिए ।

जिल्लाका अधिकांश स्थानीय तहले नगरसभाबाट हरहिसाब सर्वजानिक गरिसके पनि कल्याणपुरले अझै नगरसभा गर्न नसकेको र हरहिसाबसमेत सार्वजनिक नगरेकाले विरोधस्वरुप तालाबन्दी गरिएको उनले बताए ।

यसअघि पनि पटकपटक स्थानीयले हरहिसाब सार्वजनिक गर्नुपर्नेलगायतका मागसहित तालाबन्दी गरेका थिए । नगरप्रमुख सूर्यनाथ मण्डल निलम्वनमा परेपछि उपप्रमुख यादवले कार्यवाहक नगरप्रमुखका रूपमा कार्य सम्हाल्दै आएका छन् ।




**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# जनादेशानुसार संशोधन र सुधारमा जोड

काठमाडौँ, १ असोज (रासस)।

मन्त्रिमण्डलमा संविधानअनुसार महिलाको उपस्थिति र लामो समयसम्म उपसभामुखको चयन नभएको पक्षलाई यसको कार्यान्वयन नभएको उदाहरणका रूपमा लिइएको छ। मौलिक मूल्यमान्यताको संरक्षण, सुशासन, भ्रष्टाचारमुक्त समाज निर्माण र विकासमा जनताको पहुँचलाई यसबीचमा बेवास्ता गरिएको भनी जनताबाट राजनीतिक दलप्रति आरोप लाग्दै आएको छ। लोकतन्त्र र सङ्घीयताको सुदृढीकरणसँगै विकास र समृद्धिका लागि सबै राजनीतिक दल इमान्दार भई अल्पकालीन एवं दीर्घकालीन साझा रणनीति बनाएर अघि बढ्न सकेमा आशा गरेको लक्ष्य प्राप्ति हुनेमा दुविधा नहुने मत अघि सारिएको छ।

मुलुकको समृद्धिका र राजनीतिक स्थिरताको अपेक्षासहित जारी भएको संविधानले सातौँ वार्षिकोत्सव मनाउन नपाउँदै राजनीति एक पटक फेरि अस्थिरताको चक्रव्यूहमा रुमलिन पुगेको छ। पछिल्लो राजनीतिक घटनाक्रम हेर्दा आआफ्नो स्वार्थानुकूल बुझाइ र व्याख्याले संविधानमाथि नै अन्याय भएको टिप्पणी गरिएको छ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्ण अनेकौं कमजोरी भए पनि मुलुकलाई कुन राजनीतिक प्रणाली र ढाँचामा अघि बढाउने भन्ने सन्दर्भमा संविधानले प्रष्ट खाका दिएकाले यस पक्षलाई सकारात्मकरूपमा ग्रहण गर्न सकिने बताउनुहुन्छ। उहाँले 'हतारोमा जारी गरिएको संविधान पल्टाउनासाथ समस्या आउने गरे पनि संशोधन गर्न सकिने भएकाले' जनता र मुलुकको हितका खातिर संशोधन र सुधार गरेर लैजानुपर्ने औँल्याउनुभयो।

संविधानको असल अभ्यासभन्दा पनि सरकार गठन र दल विभाजन सम्बन्धमा छोटो अवधिमै यसका सबै धाराको अभ्यासले परिस्थितिलाई सपार्नेभन्दा गिजोल्ने र बिथोल्ने वातावरण सिर्जना भएको छ। मुलुकमा उत्पन्न अवस्थालाई सुधारेर अघि बढ्न नसक्दा सरकार, न्यायालय र सङ्घीय संसद्का सबै अङ्गको साखमा क्षयीकरण भएको छ। केन्द्रीय सरकार ढलेको मात्र होइन, प्रदेश प्रमुखको पटकपटकको फेरबदल एवं अल्पमत र बहुमतका खेलका घटनाले सङ्घीयता र लोकतन्त्रको स्थायित्व नचाहने पक्षलाई मलजल पुऱ्याइरहेको छ।

राष्ट्रियसभा सदस्य रामनारायण बिडारी भन्नुहुन्छ, "आधुनिक र लचिलो संविधानलाई सरकार, संसद् र न्यायालयले ठीक ढङ्गबाट चलायमान बनाउन नसकेका कारण कतै संविधानमै समस्या छ कि भन्ने परिस्थिति देखिएको छ तर संविधान स्वयंमा खराब होइन।"

मुलुकको इतिहासमा जनताका प्रतिनिधिद्वारा गठित संविधानसभाबाट जारी संविधानले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, स्वतन्त्र न्यायपालिका र शक्तिपृथक्कीकरणको सिद्धान्तलाई आत्मसात् गरेको छ। नेपालले अपनाएको संसदीय प्रणाली पुरातन बेलायतको जस्तो नभई संसदीय सुनुवाइ, महाभियोगजस्ता प्रावधान समेटिएको नौलो, परिमार्जित र नमूनायोग्य छ।

संविधानको रक्षाका लागि शपथ खाने तर पदको दुरुपयोग गरी ऐन र कानूनका प्रावधान मिन्नेलाई दण्ड सजायको व्यवस्था हुन आवश्यक रहेको बताउँदै राष्ट्रियसभा, प्रत्यायोजित अधिकार व्यवस्थापन समिति सभापति बिडारी भन्नुहुन्छ, "अहिलेकै संविधानबाट जनता र मुलुकको कल्याण हुन्छ, संविधान र लोकतन्त्रको रक्षाका लागि शक्ति र पदको दुरुपयोग गर्नेलाई भने दण्ड र सजायको व्यवस्था हुनुपर्छ।" सङ्घीयता, समावेशिता, सहकार्य, समन्वय र समझदारी जस्ता प्रष्ट व्यवस्था रहेकाले संविधान समस्या होइन, प्रयोग गर्नेको आचरणमा शुद्धि ल्याउन जरुरी रहेको विज्ञको मत छ।

**स्पष्ट रणनीति खाकासहित साझा कार्यसूची**

नेपाली कांग्रेसकी नेत्री पुष्पा भुसालले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले गल्ती कमजोरी नदोहोऱ्याई जनताकेन्द्रित आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधि अघि बढाउन स्पष्ट रणनीति खाकासहित साझा कार्यसूची बनाएर अघि बढेमा नेपालको भविष्य सुन्दर रहेको प्रतिक्रिया दिनुभयो।

समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य तथा मौलिक हक र कर्तव्यसँग जोडिएका अनेकौं प्रावधानसहित विसं २०७२ असोज ३ गते जारी नेपालको संविधानमा भाग ३, धारा ३०८ र अनुसूची नौ छन्। वर्तमान संविधानले राजनीतिक मात्र होइन, आर्थिक र सामाजिक परिवर्तनको अपेक्षालाई सम्बोधन गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउने, समाजिक परिवर्तनका लागि समावेशी लोकतन्त्र बलियो बनाउने र तल्लो तहका जनताले परिवर्तन महसूस हुने गरी आर्थिक नीतिलाई अघि बढाई दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्य बोकेको छ।

जनता सार्वभौम भई सिंहदरबारको अधिकार गाउँसम्म पुऱ्याउने र नेतृत्व स्थापना गर्ने भन्ने मान्यतानुरुप संविधान जारी भएपछि सङ्घ, प्रदेश र स्थानीय तहमा एक चरणमा निर्वाचनको कार्यभार पूरा भएको छ। निर्वाचनपछि गठित सरकारले मुलुकका प्राथमिकता पहिचान गरी गम्भीरताका साथ निःस्वार्थ कार्यान्वयनमा ध्यान पुऱ्याउन नसकेको परिणाम अनेकौँ चुनौती र प्रश्न खडा भएको तत्कालीन प्रतिपक्षको आरोप थियो। आआफ्नै विविधता र मौलिकता बोकेका प्रदेशलाई सङ्घले त्यहाँका राजनीतिक, आर्थिक समावेशितालाई कार्यान्वयन गर्ने विषय किन समयमै सम्बोधन भएन भनी प्रश्न उठाइएको छ।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका शक्तिपृथक्कीरणको सिद्धान्तअनूकुल चल्नुपर्नेमा सरकार एकोहोरो ढङ्गबाट चल्न खोजेका कारणले संविधान कार्यान्वयनको पाटो कमजोर भएको प्रतिपक्षको जिकिर छ। दलविशेषको आन्तरिक कलहलाई समयमै सुझबुझपूर्ण ढङ्गबाट सम्बोधन गर्न नसकिएको परिणामस्वरुप संविधानको भावना विपरीत अध्यादेशका माध्यमबाट दल विभाजन र सरकार नै परिवर्तन गर्नेसम्मको परिस्थिति उत्पन्न भएको छ।

**सुमधुर सत्ता र प्रतिपक्ष सम्बन्ध**

नेकपा(एमाले) संसदीय दलका उपनेता सुवास नेम्वाङले सविधानको कार्यान्वयनका सन्दर्भमा गरिएको अभ्यासले जनताका बीचमा विभिन्न प्रश्न उठाएको मात्र नभई निराशा पैदा भएको स्वीकार्नुभयो। उहाँले भन्नुभयो, "हामीलाई सत्ताको खेलमा चाख छैन, हामी प्रष्ट गर्न चाहन्छौँ, सरकारले संविधान, कानून र अभ्यास विपरीत गलत काम नगरोस् भन्नेमा हामी सदासर्वदा सचेत छौँ, अहिले आवश्यक कानून त परै जाओस् सरकार पनि विस्तार हुन सकेको छैन।"

बहुदलीय प्रतिस्पर्धामा आधारित संसदीय प्रणाली मूल्यमान्यताका आधारमा रहनुपर्छ भन्नेमा सधैँ जोड दिइँदैआएको बताउँदै पूर्वसभामुख नेम्वाङले भन्नुभयो, "सत्ता र प्रतिपक्षबीचमा प्रतिस्पर्धा भए पनि त्यतिकै सुमधुर सम्वन्ध हुनुपर्छ।" संविधान र यसको कार्यान्वयनलगायत विषयमा सत्ता र प्रतिपक्षबीच समझदारी नहुँदा अप्ठेरो परिस्थिति बन्ने विषय शुरुदेखि नै भन्दै आएकामा अहिले त्यो कमजोरी देखिएको प्रतिपक्षको आरोप छ। जनादेश लिएर संविधान संशोधन गर्न सकिने पनि नेम्वाङको भनाइ छ। संविधानसभाका अध्यक्ष उहाँले भन्नुभयो, "हामीले राम्रो संविधान बनाएका छौँ, अतिक्रमणमा परेको नेपाली भूमि समेटेर सर्वसम्मतिबाट मुलुकको नक्शा जारी भएको छ, जनता अधिकार सम्पन्न भएका छन्, अर्को परिवर्तनका लागि जनआन्दोलन गर्नु नपर्ने परिस्थिति बनेको छ, यो हाम्रो ठूलो उपलब्धि हो।"

## कांग्रेस शीर्ष नेताबीच क्रियाशील सदस्यता विवाद शीघ्र टुङ्ग्याउने सहमति

काठमाडौँ, १ असोज (रासस)।

नेपाली कांग्रेसका शीर्ष नेताबीच पार्टीको क्रियाशील सदस्यता विवाद शीघ्र समाधान गरी १४औँ महाधिवेशनअन्तर्गतका स्थानीय तहका अधिवेशन निर्धारित मितिमा सम्पन्न गर्ने सहमति जुटेको छ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा पार्टीका शीर्ष नेतासँग समसामयिक राजनीतिलगायत पार्टीको महाधिवेशनका विविध विषयमा छलफल गर्नुभएको थियो। कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय डा शशाङ्क कोइराला र पूर्णबहादुर खड्का, नेताहरु कृष्णप्रसाद सिटौला, डा मीनेन्द्र रिजाल, रमेश लेखकलगायत नेता सहभागी बैठकमा क्रियाशील सदस्यता विवाद समाधान गरी यही असोज ५ गते निर्धारित वडा अधिवेशन समयमै सम्पन्न गर्ने सहमति जुटेको पार्टी कार्यालयले जनाएको छ।

कांग्रेसले यसअघि ६४ जिल्लाको क्रियाशील सदस्यताको काम सपन्न गरी सोको विवरण सार्वजनिक गरिसकेको छ भने ५७ जिल्लामा वडा अधिवेशनसमेत सम्पन्न गरिसकेको छ।

कांग्रेसको वडा अधिवेशन गत

*बाँकी तीन पृष्ठमा*

## सञ्चार विधेयक फिर्ता लिन माग

काठमाडौँ, १ असोज (रासस)।

नेपाल पत्रकार महासङ्घले गण्डकी प्रदेश सरकारले हालै संसद्मा दर्ता गरेको 'सञ्चारमाध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' लाई फिर्ता लिन माग गरेको छ। प्रस्तावित विधेयक प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं संविधानको मर्म र भावनाविपरीत रहेको जनाउँदै महासङ्घले तत्काल विधेयकलाई अगाडि नबढाउन प्रदेश सरकारसँग आग्रह गरेको हो।

महासङ्घले विधेयकमा रहेका कतिपय प्रावधान प्रेस स्वतन्त्रतामैत्री नभएको र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं स्वतन्त्र पत्रकारिताको मान्यताविपरीत रहेको जनाउँदै विधेयक संसद्बाट तत्काल फिर्ता गरी महासङ्घसहित सरोकारवालाको सहभागितामा व्यावसायिक पत्रकारिता र प्रेस स्वतन्त्रतामैत्री हुने गरी पुनर्लेखन गर्न सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षणसमेत गराएको हो।

"महासङ्घले विधेयकमा रहेका कतिपय प्रावधान प्रेस स्वतन्त्रताविरोधी रहेको जनाउँदै त्यसप्रति गम्भीर असहमति राख्दै आएको थियो। त्यसलाई बेवास्ता गर्दै प्रदेश सरकारले विधेयकलाई संसद्मा दर्ता गरिनु अत्यन्त दुःखद् पक्ष हो। यो कार्यले प्रदेश सरकार प्रेसप्रति उदार नभई प्रेसलाई नियन्त्रण र अङ्कुश लगाउन उद्धृत रहेको स्पष्ट छ", महाङ्घद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

विज्ञप्तिमा महासङ्घको असहमति रहेका बुँदालाई यसअघि पनि अन्य प्रदेश सरकारबाट संसद्मा दर्ता भएपछि महासङ्घको केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला शाखाले पनि तत्काल विधेयक फिर्ताको माग गरिरहँदा सरकारका जिम्मेवार निकायमा बस्नेले विधेयकका पक्षमा गरेको वकालतलाई महासङ्घले गम्भीररूपमा लिएको छ। विज्ञप्तिमा भनिएको छ, "प्रदेश सरकारले दर्ता गराएको विधेयकमा प्रेसलाई नियन्त्रण गर्ने, प्रेस स्वतन्त्रतालाई सङ्कुचन गर्ने, दर्ता खारेजीलगायत पत्रकारलाई जेल सजायजस्ता प्रेसविरोधी प्रावधान रहेकाले यो विधेयक आपत्तिजनक हुनुका साथै संविधानको मर्म र भावनाविपरीत रहेको महासङ्घ ठहर छ।"

### *दुर्घटनामा एकको...*

मोहम्मद हासिम घाइते भएका छन्। घाइतेको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भइरहेको र उनको अवस्था सामान्य रहेको प्रहरीले बताएको छ।

शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



# राष्ट्रिय जनगणनामा सुडी समुदायको जातीय र भाषिक अभिलेखन

काठमाडौँ, १ असोज (रासस)।

सुडी समाज काठमाडौँले राष्ट्रिय जनगणना-२०७८ लाई सफल बनाउन सबैमा आग्रह गरेको छ।

समाजद्वारा शुक्रबार यहाँ आयोजित 'राष्ट्रिय जनगणना-२०७८ र सुडी समुदाय' विषयक छलफलमा समाजले सो आग्रह गरेको हो। आफ्नो जातीय र भाषिक पहिचानका लागि राष्ट्रिय जनगणनाको जातीय महलमा सुडी र भाषिक महलमा आफ्नो मातृ भाषा लेखाउन आग्रह गरिएको समाजले जनाएको छ।

राष्ट्रिय जनगणना-२०७८ को मूल गणना कार्य आगामी कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुने भएको छ। प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणना यस वर्ष पाँच महिना ढिला गरी 'मेरो गणना, मेरो सहभागिताः राष्ट्रिय जनगणना २०७८' भन्ने नाराका साथ हुन गइरहेको छ। देशमा बसोबास गर्ने विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको अवस्था थाहा पाउनेदेखि उनीहरूको सामाजिक, आर्थिक तथा लैङ्गिक अवस्था कस्तो छ भन्ने बुझ्नका लागि पनि जनगणना गर्ने विश्वव्यापी प्रचलन रहेको छ।

जनगणनाबाट प्राप्त तथ्याङ्कका आधारमा राज्यले आवश्यक नीति, योजना तथा कार्यक्रम तय गर्नेदेखि बनेका कार्यक्रमको अनुगमन/मूल्याङ्कन हुने गर्दछ। जनगणनाको तथ्याङ्ककै आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने, प्रतिनिधिसभा तथा प्रदेशसभाको सदस्य सङ्ख्या यकिन हुने, केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहसम्म स्रोत परिचालन गर्न, राज्यका विभिन्न तहमा विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग तथा लिङ्गका व्यक्तिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने भएकाले यसलाई निकै महत्वका साथ हेर्ने गरिन्छ।

सो अवसरमा समाजका महासचिव शीतलप्रसाद महतोले विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको अवस्था थाहा पाउनेदेखि उनीहरूको सामाजिक, आर्थिक तथा लैङ्गिक अवस्थाबारेमा जानकारी गराउनका लागि जनगणना महत्वपूर्ण माध्यम भएकाले सुडी समुदायले पनि आफ्नो जातीय पहिचान, सम्मान, अस्तित्वको संरक्षणका लागि जनगणनाको जातीय महल अगाडि सुडी र भाषा महल अगाडि आफ्नो मातृभाषा लेखाउन आग्रह गर्नुभयो।

समाजका अध्यक्ष डा अशोक महासेठको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा नेपाल पिछडा वर्ग महासङ्घका वीरबहादुर महतो, समाजका उपाध्यक्ष इन्जिनीयर उमाशङ्कर साह र कोषाध्यक्ष श्रीराम पूर्वेलगायतका वक्ताले जातीय र भाषिक पहिचान, सशक्तीकरण र आफ्नो जातिको यथार्थ तथ्याङ्क सङ्कलनका लागि आफ्नो जाति र मातृ भाषा लेखाउन सुडी समुदायका हरेक व्यक्तिलाई आग्रह गर्नुभयो।

# नेपाललाई रातो सूचीबाट हटाउन बेलायत सरकारसँग माग

लण्डन, १ असोज (रासस)।

कोभिड-१९ महामारीका कारण नेपाललाई रातो सूचीबाट हटाउन गैरआवासीय नेपाली सङ्घ युकेले बेलायत सरकारलाई एक पत्र पठाएर माग गरेको छ। अध्यक्ष प्रेमगाहा मगरले पठाएको पत्रमा नेपाल र बेलायतबीचको भ्रमणमा देखिएका अव्यवहारिक मापदण्ड हटाउन अनुरोध गरिएको छ।

बेलायती यातायातमन्त्री ग्रान्स साप्सलाई सम्बोधन गरी लेखिएको उक्त पत्रमा भारतलाई रातो सूचीबाट हटाइएको तर कोरोनाको दर क्रमशः घटेको नेपाललाई अझै पनि राखिएकाले यो अव्यवहारिक रहेको उल्लेख गरिएको छ।


बेलायतमा करिब डेढ लाख नेपाली रहेका र गोर्खाका परिवार तथा अन्य यात्रा गरिरहनेहरूका लागि मापदण्डले झमेला भएको र नेपालबाट बेलायत आउनेले महङ्गो खर्चमा होटलमा क्वारेन्टिन बस्नुपर्ने व्यवस्थाले थप असहज भएको भनिएको छ।

अधिकांशले कोभिडविरूद्धको खोप लगाइसकेका र त्यस आधारमा पनि नेपालीलाई यातायातमा सहज गराउन अनुरोध गरिएको छ। अन्य युरोपेली मुलुकले नेपाललाई रातो सूचीबाट हटाइसकेको र अब केवल बेलायतमात्र रहेको हुँदा आफ्नो मागलाई यथोचितरूपमा बुझेर कदम चाल्न बेलायत सरकारलाई भनिएको छ। बिहीबार नै सङ्घले लण्डनस्थित नेपाली दूतावासमार्फत नेपाल सरकारलाई पनि पत्र पठाएर दुई देशबीचको यात्रा सहज गर्न पहलकदमी थाल्न अनुरोध गरेको छ।

## कांग्रेस शीर्ष नेताबीच ...

भदौ १८ गतेदेखि प्रारम्भ भएको हो। बाँकी २० जिल्लाको वडा अधिवेशन यही असोज ५ गते तोकिएको छ। करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधि चयन गर्छन्।

कांग्रेसले गाउँ/नगरपालिका अधिवेशन असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १५ गते निर्धारण गरेको छ। त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरिएको छ।




## विश्व समाचार

# कोभिडका कारण ७ करोड ७० लाख बालबालिकाको विद्यालय पूर्ण रुपमा बन्द : युनिसेफ

संयुक्त राष्ट्रसङघ, १ असोज (रासस/सिन्हवा)।

संयुक्त राष्ट्रसङ्घीय विशिष्ठ एजेन्सी युनिसेफले विश्वव्यापी रुपमा महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण विश्वका बालबिलकाहरुको पठनपाठनमा समस्या भएको जनाएको छ। युनिसेफले हालै मात्र सार्वजनिक गरेको एक तथ्याङ्कमा दिइएअनुसार विश्वका कतिपय देशमा अहिले पनि बालबालिका विद्यालय जान पाएका छैनन्।

यस्तै एक प्रतिवेदनमा युनिसेफले गएको १८ महिनायता नै विश्वका विभिन्न छ देशका ७ करोड ७० लाख बालबालिका घरमै बस्नुपरेको र उनीहरुका विद्यालय पूर्ण रुपमा बन्द भएका देखिएको छ। ती छ देशमा बङ्गलादेश, कुवेत, पानामा, फिलिपिन्स, साउदी अरेबिया र भेनेजुएला रहेका छन्। ती देशमा कोभिड १९ को समस्या व्यापक बन्दै गएपछि यसका कारण उनीहरु विद्यालय आउन पनि पाएका छैनन् र जसले गर्दा उनीहरुमा समस्या भइरहेको छ।

त्यसैगरी विश्वका अरु ११ देशका १३ करोड १० लाख बालबालिकाले विद्यालय जान त पाएका छन् तर उनीहरुले पनि महामारी सुरु भएको गएको १८ महिनामा छ महिना पनि नियमित रुपमा पढ्न पाएका छैनन्। त्यस्तै विश्वका अरु करिब २७ प्रतिशत देशले मात्र विद्यालयहरु पूर्ण रुपमा वा आंशिक रुपमा खोल्ने र पठन पाठन गर्न पाउने गरेका देखिएको छ। युनिसेफले कोरोना भााइरसका कारण विश्वका बालबालिकामा अध्ययनका लागि परेको समस्याका विषयमा गरेको अनुसन्धानबाट यस्तो देखिएको बताइएको छ।

# तालिबानद्वारा महिला मन्त्रालय खारेज गर्ने तयारी

काबुल, १ असोज (रासस/एएफपी)।

अफगानिस्तानको तालिबान सरकारले महिला मामिला मन्त्रालय बन्द गरेर त्यसको ठाउँमा दुई दशकअघि तालिबान शासनकालमा कडा धार्मिक सिद्धान्त लागू गरेको एक विभाग राख्न लागिएको शुक्रबार अफगान सञ्चारमाध्यमले जनाएका छन्। सदरमुकामस्थित मन्त्रालयमा मजदुरहरुले पुरानो महिला मामिला भवनमा सद्गुण प्रवर्द्धन र उपाचार रोकथामका लागि मन्त्रालयका लागि चिह्न खडा गरेको देखिएको अफगानी सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

आफ्नो जागिर गुमाएको भन्दै मन्त्रालयका महिला कामदारहरुले भवन बाहिर विरोध प्रदर्शन गरिरहेका केही तस्बिरहरू गत २४ घण्टामा ट्वीटरमा पोष्ट गरिएका छन्। तालिबान अधिकारीसँग यस सम्बन्धमा मागिएको प्रतिक्रियामा कसैले पनि तत्काल यस मामिलामा टिप्पणी गर्न चाहेनन्। तालिबानले यस पटक आफूहरूले उदारवादी शासन गर्ने प्रतिबद्धता जनाए पनि महिलाहरूलाई काममा फर्कन अनुमति दिएका छैनन र विश्वविद्यालयमा लगाउन सक्ने पहिरनबारे नियमहरू लागू गरेका छन्।

दुई हप्ताअघि घोषणा गरिएको एउटा नयाँ तालिबान सरकारमा महिलाको हितको प्रतिनिधित्व गर्ने कुनै महिला सदस्यसमेत सहभागी गराइएको छैन। महिलाहरूले विगत २० वर्षमा आधारभूत अधिकारका लागि लडेका छन् र केही अधिकार स्थापित गर्न सफल भएका छन् यद्यपि उनीहरू विधायक, न्यायाधीश, पाइलट र प्रहरी अधिकृतका लागि योग्य मानिएका छैनन्।

दुई दशकको द्वन्द्वमा तालिबान विद्रोहीका कारण उनीहरूको प्रभाव क्षेत्रमा हजारौँ महिलाले आफ्ना पतिलाई गुमाए। धेरै महिलाहरू विधवा भएका छन् र कतिपय अवस्थामा उनीहरूले अवैध व्यक्तिलाई आफ्नो पति सरह सेवा गर्नुपरेको छ। अगस्ट १५ मा सत्तामा फर्केदेखि तालिबानले महिलाका अधिकारहरूको सम्मान गर्ने कुनै पनि झुकाव देखाएका छैनन्।

दबाब दिँदा महिलाहरुलाई आफ्नै सुरक्षाका लागि घरमै बस्न भनिएको तर उचित कानुनी व्यवस्थापछि काम गर्न दिइने तालिबान अधिकारीहरूको भनाइ छ। सन् १९९६ देखि २००१ सम्म तालिबानको पहिलो शासनको दौडान महिलाहरूलाई धेरै हदसम्म सार्वजनिक जीवनबाट बहिष्कृत गरिएको थियो जसमा पुरुष नातेदारको साथमा नभएसम्म उनीहरूलाई आफ्नो घर छोड्न प्रतिबन्ध लगाइएको थियो।

# चिनियाँ अन्तरिक्षयात्री ९० दिनपछि सकुशल फिर्ता

बेइजिङ, १ असोज (रासस/एपी)।

सबैभन्दा लामो मिसनमा रहेको चीनको पहिलो अन्तरिक्ष स्टेसनमा ९० दिनको बसाइँपछि शुक्रबार तीन जना चिनियाँ अन्तरिक्ष यात्री पृथ्वीमा फर्किएका छन्। नी हाइशेङ, लिउ बोमिङ र ताङ होङबो रहेको अन्तरिक्षयान बिहीबार बिहान अन्तरिक्ष स्टेसनबाट छुटेको थियो। यान शेन्जाउ-१२ अन्तरिक्ष यानमा शुक्रबार करिब १:३० बजे अवतरण गरेको छ। चिनियाँ राष्ट्रिय टेलिभिजन (सीसीटीभी) ले गोबी मरुभूमिमा अवतरण गर्दै गरेको प्याराशुटिङको फुटेज प्रशारण गरी यानको सफल अवतरण भएको जानकारी गराएको छ।

# सहुलियत मूल्य पसल सञ्चालन, ३९ जिल्लाका ४३ स्थानमा बिक्री कक्ष

काठमाडौँ, १ असोज (रासस)।

सरकारले दशैं, तिहार र छठ पर्वको अवसरमा सर्वसाधारणलाई दैनिक उपभोग्य वस्तुमा सहुलियत दिन शुक्रबारदेखि सहुलियत मूल्य पसल सञ्चालनमा ल्याएको छ। मुलुकका ३९ जिल्लाका ४३ स्थानमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याइएको छ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीका अनुसार चामल, क्वाटी, दाल, फापर र पिठोमा प्रतिकिलो रु पाँच, भटमासको तेलमा प्रतिलिटर रु १० तथा तोरी र सनफ्लावर तेलमा प्रतिलिटर रु पाँच छुट दिइएको छ। उपभोक्ताले कर्णालीको सिमी र फापरको दानामा प्रतिकिलो रु १० र जिउँदो खसी बोकामा प्रतिकिलो रु १० छुट पाउनेछन्। कम्पनीले दशैंलाई लक्षित गरी खसी बोका ल्याउने तयारीसमेत गरेको छ।

दुर्गम जिल्लामा खाद्यान्न अभाव हुन नदिन हेलिकोप्टर, हवाईजहाज र पैदल बाटो प्रयोग गरी खाद्यान्न आपूर्तिको व्यवस्था मिलाइएको कम्पनीले जनाएको छ। काठमाडौँ उपत्यकामा थापाथली, रामशाह पथ, ललितपुरको नख्खु र भक्तपुरको सूर्यविनायकमा पसल सञ्चालन हुनेछ। यस्तै उपत्यकाभित्र निःशुल्क 'होम डेलिभरी'को पनि व्यवस्था गरिएको छ। सस्तो डिल, मुकुन्दो र गोगो २० लगायत 'डेलिभरी प्लेटफर्म'बाट होम डेलिभरी हुनेछ।

कोरोना सङ्क्रमणको जोखिम कायम रहेका कारण बढी भीडभाड नहोस् भन्ने उद्देश्यले सरकारले गत वर्षभन्दा एक साता अगाडि पसल सञ्चालनमा ल्याएको छ। सरकाले गत वर्ष घटस्थापनाको १५ दिन अगाडिदेखि मात्र पसल सञ्चालन गरेको थियो। सहुलियत मूल्यको पसल आगामी कात्तिक २४ गतेसम्म सञ्चालन हुनेछ।

सहुलियत पसलको शुभारम्भ गर्दै कम्पनीका अध्यक्ष एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईले उपभोग्य बजारलाई सन्तुलित गर्ने र मूल्यवृद्धिलाई नियन्त्रण गर्ने उद्देश्यले सुपथ मूल्य पसल सञ्चालनमा ल्याइएको बताउनुभयो। उहाँले व्यवस्थित र पारदर्शीरूपमा पसल सञ्चालन गर्न कम्पनीका पदाधिकारीलाई निर्देशन दिनुभयो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहनप्रकाश चन्दले जनतालाई सहुलियत मूल्यमा खाद्यान्न उपलब्ध गराउने लक्ष्यका साथ पसल सञ्चालनमा ल्याइएको बताउनुभयो। कम्पनीले भूकम्प, नाकाबन्दी र कोरोना नियन्त्रण गर्न लागू गरिएको बन्दाबन्दीको अवसरमा उपभोक्तालाई छुट मूल्यमा दैनिक उपभोग्य सामग्री बिक्री वितरण गरेको उहाँले बताउनुभयो।

# चीनबाट ४४ लाख भेरोसेल खोप

काठमाडौँ, १ असोज (रासस)।

सरकारले चीनबाट शुक्रबार कोरोना भाइरस विरुद्धको ४४ लाख मात्रा भेरोसेल खोप ल्याएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले चीनबाट खरिद गरिएको ४४ लाख मात्रा भेरोसेल खोप अपराह्न आएको जानकारी दिनुभयो।

नेपाल वायुसेवा निगमको वाइडबडी विमानबाट खोप ल्याइएको हो। सरकारले ६० लाख खोप खरिद गरेकामा यसअघि १६ लाख खोप नेपाल आइसकेको थियो। खोप लिनका लागि हिजो राति ११ बजे वाइडबडी विमान चीनतर्फ गएको थियो। शुक्रबार आएकोसँगै नेपालमा अहिलेसम्म एक करोड ७७ लाख खोप आइसकेको छ।

# एक हजार ५ सय ५८ संक्रमित थपिए

काठमाडौँ, १ असोज (रासस)।

विगत २४ घण्टामा एक हजार ५५८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १२ हजार ३८५ जनामा परीक्षण गरिएकामा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको छ।

नेपालमा सङ्क्रमण दर १९.२ प्रतिशत पुगेको छ। सक्रिय सङ्क्रमित २५ हजार ४९७ जना छन्। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला १० र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० पुगेका छ। शुक्रबार एक हजार ३५१ जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म सात लाख ४६ हजार ५६६ कोरोना सङ्क्रमणमुक्त भएका छन्। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९५.३ प्रतिशत छ।

सङ्क्रमणबाट शुक्रबार एकै दिन १० जनाको मृत्यु भएको छ। हालसम्म सङ्क्रमणबाट ११ हजार १२ जनाको मृत्यु भएको छ। नेपालमा प्रतिदश लाखमा ३७१.२ जनाको सङ्क्रमणबाट मृत्यु भएको छ। त्यस्तै ३८६ जना सघन उपचार कक्ष (आइसियु), ११७ भेन्टिलेटर, २३ हजार ९५० होम आइसोलेशन, एक हजार ५४७ संस्थागत आइसोलेशन र २३६ जना क्वारेन्टिनमा छन्।


शुक्रबार ६० हजार १५९ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्। हालसम्म ६० लाख ८३ हजार १२४ जनाले पहिलो मात्रा र ५४ लाख सात हजार ३८० ले पूर्णमात्रा खोप लगाइसकेका छन्।


संविधान दिवस भव्यरुपमा मनाऔं

- असोज ३ गते संविधान जारी भएको दिन, राष्ट्रिय दिवसका रुपमा मनाऔं,
- असोज २,३ र ४ गते यो दिवस विविध कार्यक्रम आयोजना गरी मनाऔं,
- संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय गरौः संविधान दिवसको महत्व बढाऔं,
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, साँझ दीपावली गरौं ।

*"कोभिड-१९ संक्रमणको बेला नेपाल सरकारले जारी गरेको मापदण्ड पालना गर्न नबिर्सौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड



नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*